# विपद् जोखिम न्यूनीकरणकालागि राष्ट्रिय कार्यमञ्चको बैठक

**मितिः ३१/०३/२०७७ (१५ जुलाई २०२०)**
**अनलाईन माध्यमः जुम**
**समयः २:०० बजे**

विपद् जोखिम न्यूनीकरणकालागि राष्ट्रिय कार्यमञ्चको बैठक उल्लिखित मिति र समयमा ८१ जना सदस्यको भर्च्वल उपस्थितिमा कार्यमञ्चका अध्यक्ष श्री अनिल पोख्रेलज्यूको अध्यक्षतामा बस्यो । बैठकमा निम्न विषयमा छलफल गरी देहायबमोजिम निर्णय गरियो ।

**छलफलका लागि प्रस्तुत विषयहरु**

१. कार्यमञ्चको गतिविधि अद्यावधीक र भावी कार्ययोजना ।

२. हाल भइरहेको मनसुन जन्य विपद्का घटनाहरु, प्रतिकार्य र जोखिम न्यूनीकरणका लागि भएका पहलहरु र सरोकारवालाको भूमिकाका सम्बन्धमा छलफल ।

३. हालै सम्पन्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परीषद र कार्यसमितिका महत्वपूर्ण निर्णयहरू र यसको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवालाहरुको भूमिका, सहकार्य र साझेदारी विषयमा छलफल ।

४. विविध ।

**छलफल र निर्णय :**

विपद् जोखिम न्यूनीकरणकालागि राष्ट्रिय कार्यमञ्चको सचिवालयको तर्फबाट प्रकोप पूर्वतयारी सञ्जालका अध्यक्ष श्री सूर्य बहादुर थापाज्यूले सहभागि सदस्यहरूलाई बैठकमा स्वागत गर्दै बैठकको विषयवस्तुमा प्रकाश पार्नुभयो ।

**निर्णय १:** विपद् जोखिम न्यूनीकरणकालागि राष्ट्रिय कार्यमञ्चको संचालन मार्गदंशनलाई चाडै अन्तिम रुप दिने र सोहि अनुसार बिभिन्न समुह गठन गर्ने ।

**निर्णय २:** विपद् जोखिम न्यूनीकरणकालागि प्रादेशिक कार्यमञ्च गठन गरिनुकासाथै स्थानीय तहमा पनि बिस्तार गरिनेछ ।

**निर्णय ३:** कार्यमञ्चले आवधिकरुपमा समसामयिक विषयहरुमा बिभिन्न कार्यक्रमहरुको आयोजना गर्ने ।

**निर्णय ४:** विपद् जोखिम न्यूनीकरणकालागि राष्ट्रिय कार्यमञ्चको सचिवालयको तर्फबाट प्रकोप पूर्वतयारी सञ्जालका महासचिव श्री राजु थापा द्वारा आ.व २०७७/२०७८ कालागि प्रस्तुत कार्यक्रमहरु मर्गदर्शनमा उल्लेख भएका बिभिन्न समुहहरुको सल्लाह सुझाव लिई अन्तिमरुप दिईने छ ।

**निर्णय ५:** विपद् जोखिम न्यूनीकरणकालागि राष्ट्रिय कार्यमञ्च साझा मञ्च भएकोले गर्दा सम्पुर्ण सहभागि तथा सम्बन्धित निकायहरुलाई सामुहिकरुपमा कार्यगरि विपद् उथानशिल नेपाल र्निमाणकालागि नबिन बिचारका साथ आउन आग्रह गरिन्छ ।

**निर्णय ६:** वार्षिक विपद् प्रतिवेदन तयार गर्नकालागि स्थानीय सरकार, जील्ला विपद् व्यवस्थापन समिती र प्रदेश सरकारलाई सहयोग गर्नका निम्ति, सहयोग गर्ने कार्यमञ्चका सदस्यहरुको पहिचान गर्ने ।

**निर्णय ७:** वार्षिक विपद् प्रतिवेदन तयार गर्नकालागि स्थानीय सरकार, जील्ला विपद् व्यवस्थापन समिती र प्रदेश विपद् व्यवस्थापन कार्यसमितीलाई सहयोग गर्नका निम्ति, सहयोग गर्ने संस्थाहरुको पहिचान गर्ने ।

**निर्णय ८:** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले कार्यमञ्को सचिवालयकालागि डेस्क उपलब्ध गराउने ।